# महालेखापरीक्षकको कार्यालयको
# अनुरोध

नेपालको अन्तरिम संविधान, २०६३, लेखापरीक्षण ऐन, २०४८ र प्रचलित कानूनले तोकेबमोजिम सबै सरकारी निकायहरुको लेखापरीक्षण गरी सार्वजनिक निकायको आर्थिक कारोबारको यथार्थ अवस्थाबारे प्रतिवेदन गर्ने जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको व्यहोरा विदितै छ । यसै क्रममा आर्थिक वर्ष २०६६।६७ को लेखापरीक्षण २०६७ माघ मसान्तभित्र सम्पन्न गर्ने वार्षिक कार्यतालिका अनुरुप विभिन्न जिल्लाहरुमा कर्मचारी खटिई स्थलगत रुपमा लेखापरीक्षण भइरहेको छ ।

सार्वजनिक स्रोत र साधनको प्रभावकारी उपयोग र व्यवस्थापनका लागि मुलुकलाई गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गरी संविधान एवं कानूनले तोकेका जिम्मेवारी अझ कुशलतापूर्वक बहन गर्न सकियोस् भन्ने उद्देश्यले सरकारी स्रोत साधनको प्राप्ति र उपयोगमा भएका अनियमितता, अदक्षता, हिनामिना वा हानि नोक्सानी जस्ता कैफियत एवं सरकारी लेखापरीक्षणमा गर्नुपर्ने सुधारका सम्बन्धमा सरकारी कार्यालय लगायत अन्य सम्बद्ध पक्षहरुबाट सुझाव, जानकारी वा कुनै गुनासो भए लिखित रुपमा प्रमाणसहित देहायको ठेगानामा उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गरिन्छ । सूचना उपलब्ध गराउने व्यक्ति वा संस्थाको नाम गोप्य राखिने छ ।

<u>पत्राचार वा सम्पर्क गर्ने ठेगाना</u>

- पोष्ट बक्स नं.१३३२८, महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाडौं
- इमेल: oagnep@ntc.net.np
- फ्याक्स नं. ०१–४२६२७९८
- फोन नं. ०१–४२६२३८२/४२६२३८३
- कार्यालयको उजुरी पेटिका